पाना १९०

## मिति २०८२ साल भाद्र ९ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ४५ औं वैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४५ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति वारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्नका लागि नगरपालिकाले हालसम्म गरेको कार्यको वागमती प्रदेश स्थित मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट खटिएको अनुगमन समितिको टिमबाट अनुगमन गरी यस सम्बन्धमा नगरपालिकाबाट सम्पादन भएको कार्यको मूल्याङ्कन गरी बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्न लिखित रुपमा अनुमति प्रदान गरेकोमा वागमती प्रदेश सरकारप्रति धन्यवाद प्रदान गर्दै यही २०८२ साल भाद्र ११ गते बुधवार मनपा १ तीनलाल पार्कमा घोषणा समारोहको आयोजना गरी मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने ।

निर्णय नं. ३

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्न यस अघि गठन भएका सबै समितिलाई परिचालन गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४

मन्थली नगरपालिकाका देहायका स्थानहरुमा झोलुङ्गे पुल निर्माणका लागि वजेट व्यवस्थापन गर्न पूर्वाधार विभाग पुल्चोक ललितपुरमा अनुरोध गर्ने । साथै उक्त झोलुङ्ग पुल निर्माणका लागि नियमानुसार नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम व्यहोर्ने प्रतिबद्धता समेत गर्ने ।

क) ढिकुरी झो.पु. निर्माण, मनपा ७

ख) विमिरे भदौरे माझटार झो.पु. निर्माण, मनपा ८/१०

ग) जवदे खैरेनी वफर खोला झो.पु. निर्माण, मन्थली ८/११

२०८२/०५/१९

दुर्गा सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ५

मन्थली नगरपालिकामा रिक्त दरबन्दीमा पदपूर्तिका लागि नगरपालिकाको मिति २०८१/७/२९ को माग पत्रका आधारमा मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको पत्र संख्या २०८२/८३ च.नं. २५४ मिति २०८२/०५/०४ को पत्रको आधारमा मिति २०८२/५/९ बाट लागु हुने गरी स्थानीय सेवा सामान्य प्रशासन समूहको अधिकृत सातौं तहको शाखा अधिकृत पदमा सिफारिस भई आउनु भएका बालकृष्ण थपलियालाई सम्बन्धित निकायको निर्णयानुसार ज्येष्ठता कायम हुने गरी वागमती प्रदेशबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन २०७९ को दफा १७ को उपदफा (१) बमोजिम यस नगरपालिकाको अधिकृत सातौं तहका शाखा अधिकृत पदमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने ।

निर्णय नं. ६

विभिन्न कार्यक्रम सञ्चालनका लागि सहयोग माग गर्ने तपसिल बमोजिमका संघ संस्थाहरुलाई देहाय बमोजिमको सहयोग उपलब्ध गराउने ।

| सि.नं. | माग गर्ने संस्थाको नाम | स्रोत | सञ्चालन हुने कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) रामेछाप | संघ संस्था सहयोग | स्थापना दिवस सम्मान तथा पर्यटन प्रवर्धनमा पत्रकारको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम | २०००० |
| २ | नेवाः खल रामेछाप मन्थली | कला साहित्य संस्कृति संरक्षण | नेवारी लाखे नाच प्रदर्शनी तथा संस्कृति संरक्षण कार्यक्रम | ७५००० |
| ३ | चिसापानी नेवाः खल मनपा ८ | कला साहित्य संस्कृति संरक्षण | गाइजात्रा कार्यक्रम | ५०००० |
| | जम्मा | | | १४५००० |

निर्णय नं. ७

मन्थली नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयबाट शैक्षिक सत्र २०८१ को एस ई ई परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई प्रति विद्यार्थी रु ५००००/- अक्षेरुपी पचास हजार तथा शैक्षिक सत्र २०८१ मा सञ्चालित आधारभुत तह (कक्षा ८) को परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई प्रति विद्यार्थी रु ५०००/- अक्षेरुपी पाँच हजार प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

२०८२/०५/१० देवर्षि सापकोटा प्रमुख प्रशासकीय अधिकृत